# फलफुल खेती प्रबर्द्धन कार्यक्रम सञ्चालन कार्यबिधि, २०७७

**प्रस्तावना :**

नेपालमा जलबायु भौगोलिक बिविधताको उच्च अवसरले गर्दा तराई, पहाड र उच्च पहाडी क्षेत्रमा गरी करिब ५० भन्दा बढि किसिमका उन्नत रैथाने र जंगली जातका फलफुलहरु पाइन्छन् । देशको करिब दुई तिहाई जनसख्या आश्रित रहेको कृषि क्षेत्रले कुल ग्राहस्थ उत्पादनमा करिब एक चौथाई योगदान बागवानी उपक्षेत्रको रहेको छ । यस मध्य करिब आधा हिस्सा योगदान फलफुलजन्य उत्पादनबाट हुने गरेको देखिन्छ । औद्योगिकरणका लागि कच्चा पदार्थका साथै फलफुल व्यवसाय, खाद्य पोषण सुरक्षा, रोजगारी, व्यापार र बिदेशी मुद्रा आर्जन गर्न सकिने प्रमुख उप क्षेत्र कृषि हो । फलफुलको आवश्यकता, सम्भव्यता र प्राथामिकताको आधारमा भौगोलिक बिबिधता एवम विशिप्टताको सदुपयोग गर्दै सम्भाव्य फलफुल वालीको व्यवसायिक एंबम प्रतिस्पर्धी खेती प्रणालीको बिकास बिस्तार गरी उत्पादन तथा उत्पादकत्व बृद्धि, आयत प्रतिस्थापना तथा निर्यात प्रबर्द्धन, खाद्य तथा पोषण सुरक्षा, गरिबि न्युनिकरण र जिवनस्तर सुधारमा योगदान पुऱ्याउने माडी नगरपालिका नगरकार्यपालिकाको नीति तथा कार्यकमको अर्न्तरनिहित भावना अनुरुप वार्षिक कार्यकममा स्विकृत रहेको बिभिन्न जातका फलफुल खेति प्रवद्धन गर्न वाञ्छनीय भएकोले,

नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१). यो कार्यविधिको नाम "**फलफुल खेती प्रबद्धन कार्यकम सञ्चालन कार्यबिधि, २०७७**" रहेको छ ।

(२) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: बिषय या प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "**समूह**" भन्नाले माडी नगरपालिकामा प्रचलित कानून वमोजिम रुपमा दर्ता भएको कृषक समूह सम्झनु पर्छ ।

(ख) "**सहकारी संस्था**" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि सहकारी संस्था सम्झनु पर्दछ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका नगरकार्यपालिकाको कार्यालय बसन्तपुर,चितवन बागमती प्रदेश,नेपाल २०७३

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

(ग) **"फर्म"** भन्नाले प्रचलित कानून बमोजिम सरकारी कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका फर्म,कम्पनी वा संस्था सम्झनु पर्छ ।

(घ) **"समिति"** भन्नाले यस कार्यविधिको दफा ७ बमोजिम गठित प्रस्ताव छनोट तथा मूल्याङ्कन समिति सम्झनु पर्छ ।

(ङ) **"शाखा"** भन्नाले माडी नगरपालिका अन्तर्गतको कृषि सम्बन्धी विषय हेर्ने शाखा सम्झनु पर्छ ।

(च) **"कार्यक्रम"** भन्नाले फलफुल खेती प्रवर्द्धन कार्यक्रम सम्झनु पर्छ ।

३. **कार्यक्रमको उद्देश्यः** च्याउ खेती प्रवर्द्धन कार्यक्रमको उद्देश्य देहायबमोजिम हुनेछ :

(क) उन्नत प्रविधिको प्रयोगबाट फलफुलवालीहरुको क्षेत्रफल विस्तार तथा सुदृढिकरणद्वारा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(ख) नगरपालिकामा फलफुलको आयात प्रतिस्थापन गरी आत्मनिर्भर बनाउने,

(ग) फलफुलको उत्पादनमा नयाँ प्रविधि र उन्नत जातहरुको पहिचान गरी सम्भव्यताको आधारमा विस्तार गर्ने,

(घ) फलफुल खेतीमा कृषि समूह तथा फर्महरुलाई आकर्षित गरी एकिकृत रुपमा फलफुल खेती विस्तार गर्ने,

## परिच्छेद -२
## कार्यक्रम सञ्चालन प्रकृया

४. **प्रस्ताव आव्हान गर्नेः**(१) नगर कार्यपालिकाको कार्यालयले कार्यक्रम सञ्चालनको क्रममा कृषि समूह तथा फर्महरुबाट माग संकलन गर्नका लागि बढिमा ३० दिने सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव आव्हान गर्न अनुसूची १ बमोजिमको ढाँचा प्रयोग गरिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्ताव पेश गर्नुपर्ने अवधिभरमा आवश्यक प्रस्ताव तथा आवेदन पर्न नआएमा म्याद थप गरी सूचना पुनःप्रकाशन गर्न बाधा पर्ने छैन ।

५. **प्रस्ताव पेश गर्नेः** (१) दफा ४ बमोजिम प्रस्ताव आव्हान भएपछि इच्छुक समूह वा फर्मले अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन फाराम र अनुसूची ३ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरीसूचनामा तोकिएको अवधिभित्र आवेदन शाखामा पेश गर्नु पर्नेछ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर,चितवन
बागमती प्रदेश,नेपाल
२०७३

(२) प्रचलित कानून बमोजिम माडी नगरपालिकामा दर्ता भई क्रियाशिल रहेका कृषि फर्म वा कृषक समूहले व्यवसायिक फलफुल खेतीका लागि प्रस्ताव पेश गर्न सक्नेछन् ।

(३) उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्दा समूह वा फर्मले तपशिल बमोजिमका बालीमा तोकिएअनुसारको क्षेत्रफलमा व्यवसायिक फलफुल खेती गर्ने योजना सहितको प्रस्ताव पेश गर्नु पर्नेछ ।

| क.स | वाली | न्युनतम क्षेत्रफल |
|---|---|---|
| १ | मेवा | ४ कट्ठा |
| २ | भुईंकटहर | ४ कट्ठा |

६. **शाखा जिम्मेवार हुने:** कार्यक्रम सञ्चालनका लागि प्रमुख जिम्मेवारीशाखाको रहनेछ ।

७. **प्रस्ताब मूल्याङ्कन तथा छनोट समिति रहने:** (१). तोकिएको समय सिमा भित्र बिधिवत रुपमा पेश हुन आएका प्रस्तावहरुको मूल्यांकन गरी समूह तथा फर्मको छनोट गर्नका लागि देहायबमोजिमको प्रस्ताव मूल्यांकन तथा छनोट समिति रहनेछ:

(क) नगर उपप्रमुख -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) कृषि तथा सहकारी समिति संयोजक -सदस्य

(घ) प्राविधिक शाखा प्रमुख -सदस्य

(ङ) कृषि शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) रीतपूर्वक पर्न आएका आवेदनहरुको जाँचबुझ गर्ने ।

(ख) आवेदनसाथ पेश भएका प्रस्तावको मूल्यांकन गर्ने ।

(ग) आवेदन पेश गर्ने आवेदक समूह तथा फर्मको निरीक्षण तथा अनुगमन गर्ने, गराउने ।

(घ) आवेदन, प्रस्ताव र निरीक्षण एवम् अनुगमन समेतका आधारमा कार्यक्रम सञ्चालनका लागि समूह तथा फर्म छनोट गर्ने ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

८. **प्रस्ताव मुल्याङ्कन छनोट र सम्झौता प्रक्रिया:** (१)प्रचलित कानून बमोजिम रीतपूर्वक दर्ता भएका प्रस्तावहरु दफा ७ को उपदफा (१) बमोजिमको समितिबाट मुल्याङ्कन हुनेछ । त्यसरी प्रस्ताव मुल्याकन गर्दा अनुसूची ४ बमोजिमको मापदण्डका आधारमा गरिनेछ ।

(२) उपदफा १ बमोजिम प्रस्तावको प्रारम्भिक मुल्याङ्कन गर्दा आवेदनसाथ संलग्न कागजातहरु भएका प्रस्तावहरु मात्र स्थलगत निरीक्षण र थपमुल्याङ्कनका लागि योग्य मानिने छ ।

(३) समितिले आवश्यकता अनुसार अनुसुची-४ मा तोकिएको मूल्याङ्कन शिर्षक र अङ्कभार भित्र रही थप मूल्याङ्कनका आधारहरु निर्धारण गर्न सक्नेछ ।

(४) प्रारम्भिक छनोटमापरेका प्रस्तावहरुको अनुसुची ४ बमोजिमका आधारमा स्थलगत निरिक्षण गरीमुल्याङ्कन गर्नुपर्नेछ ।

(५) अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुटो ठहरिएमा, प्राविधिक रुपले अनुपयुक्त देखिएमा वा आवश्यक न्यूनतम योग्यता नपुगेको देखिएमा त्यस्ता प्रस्तावलाई अयोग्य ठहर गरी बाँकी प्रस्तावहरुको मात्र मूल्याङ्कनगरिनेछ ।

(६) कार्यक्रम सञ्चालनका लागि समूह तथा फर्म छनोट गर्दा जम्मा संख्याको बीस प्रतिशत हुने गरी वैकल्पिक समूह र फर्म समेत छनोट गरिनेछ ।

(७) छनोट भएका समूह वा फर्मले समयमै कार्यक्रम सञ्चालन नगरेमा उपदफा (६) बमोजिमको वैकल्पिक समूह वा फर्मलाई नगर कार्यपालिकाको कार्यालयले कार्यक्रम सञ्चालनका लागि अनुमति दिनेछ ।

९. **कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराइने:** (१) कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमका क्रियाकलापहरुमा नगरपालिकाले अनुदान उपलब्ध गराउने छ ।

| क्र. सं. | क्रियाकलाप विवरण | क्रियाकलापको विस्तृतीकरण | अनुदानको मात्रा | कैफियत |
|---|---|---|---|---|
| १ | फलफुल बगैचा निर्माण | बिरुवा खरिद | ५० प्रतिशत अनुदान | |
| २ | सिचाई व्यवस्थापन | साना सिचाई निर्माण, पाइप, मल्चिङ तथा सिचाई व्यवस्थापन | ५० प्रतिशत अनुदान | |
| ३. | कृषि औजार उपकरण खरिद तथा | ई. स्प्रेअर, सिकेचर, कुटो कोदालो, घांस | ५० प्रतिशत अनुदान | |

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बसन्तपुर,चितवन बागमती प्रदेश,नेपाल २०७३

| | | | | |
|---|---|---|---|---|
| | वितरण | काट्ने, गोडने मेसिन, खाडल खन्ने मेसिन खरिद आदी | | |
| ४. | सुक्ष्म खाद्यतत्व तथा विषादी | सुक्ष्म खाद्यतत्व तथा विषादी खरिद | ५० प्रतिशत अनुदान | |
| ५. | तालिम | खेती प्रविधि तालिम | ५० प्रतिशत अनुदान | |
| ६. | ढुवानी | बिरुवा तथा अन्य उपकरण ढुवानी | ५० प्रतिशत अनुदान | |

## परिच्छेद -३
## सम्झौता र अनुदान प्रबाह प्रकिया

१०. **लागत इस्टिमेट र सम्झौता :** (१). प्रस्ताव छनोट पश्चात समूह वा फर्मले प्रस्ताव अनुसार सम्बन्धित बिषयको प्राबिधिक मार्फत स्थलगत सर्वेक्षण गराएर लागत इस्टिमेट तयार गरी स्वीकृतिको लागि शाखामा पेश गर्नुपर्नेछ ।

(२) स्वीकृत इस्टिमेटको आधारमा नगर कार्यपालिकाको कार्यालय र समूह वा फर्मवीच अनुसुची-५ वमोजिमको सम्भौता गरिनेछ ।

(३) समूह वा फर्मले कार्यक्रम स्थलमा लागत सहभागिता रकम खुलेको होडिङ्ग वोर्ड सर्वसाधरणले देख्नेगरी राख्नु पर्नेछ ।

(४) लागत इस्टिमेट तयार गर्दा कुल अनुदानको ३% रकम कन्टीजेन्सी स्वरुप राख्न सकिनेछ ।

११. **खर्च सम्बन्धी ब्यबस्था :** (१) कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराइने अनुदान रकम तथा खर्च यस कार्यबिधिमा तोकिएबमोजिम हुनेछ ।

(२) समूह वा फर्मलाई कामका प्रगति अनुसार कार्य सम्पन्नता पश्चात सम्झौता बमोजिम अनुदान रकम बैंक खाता मार्फत भुक्तानी गरिनेछ ।

(३) एक प्रस्तावकलाई प्रस्तावित योजना र क्षेत्रफल अनुसार स्वीकृत लागत अनुमानको आधारमा ५० प्रतिशत वा अधिकतम रु. एक लाख पचास हजार अनुदान रकम उपलब्ध गराइनेछ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

## परिच्छेद -४
## अनुगमन तथा विविध

१२. **अनुगमन र मुल्याङ्कन:** (१) कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्ने मुख्य जिम्मेवारी समितिको हुनेछ ।

(२) उपदफा (१) को अतिरिक्त माडी नगर कार्यपालिकाको कार्यालय र शाखाबाट समेत अनुगमन तथा निरीक्षण कार्य गरिनेछ ।

१३. **बिमा :** व्यबसायिक फलफुल खेतीको सम्भाव्यताको आधारमा बिमा गराउनु पर्नेछ ।

१४. **प्रचलित कानून बमोजिम हुने :** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएका विषयहरुको हकमा यसै बमोजिम र कार्यबिधिमा उल्लेख नभएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१५. **संशोधन गर्न सकिने:** यस कार्यविधिमा कुनै हेरफेर वा थपघट गर्नु परेमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

१६. **खारेजी र बचाउ:**(१) फलफुल खेतीका सम्बन्धमा यस अघि भएका कार्यक्रमहरु यसै बमोजिम भए गरेको मानिनेछ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

अनुसूची

(दफा ५ को उपदफा १ सँग सम्बन्धित )

अनुदानमा फलफुल खेती प्रवर्द्धन कार्यक्रमको प्रस्ताव आव्हान सम्बन्धि सुचना

सूचना !

आर्थिक वर्ष ..................को वार्षिक स्विकृत कार्यक्रम अनुसार कृषि तर्फको व्यवसायिक फलफुल खेती प्रवर्द्धन कार्यक्रम रहेका हुँदा इच्छुक कृषि फर्म तथा कृषक समुहहरुबाट दरखास्त आव्हानका लागी यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र अनुसुचि २ बमोजिमका कागजात संलग्न राखि कृषि शाखामा प्रस्ताव बुझाउनु हुन अनुरोध छ । यस सम्बन्धमा थप जानकारीका लागी कृषि शाखामा सम्पर्क गर्न अनुरोध छ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

अनुसूची २

(दफा ५ को उपदफा २ सँग सम्बन्धित ।

**आबेदन फाराम तथा संलग्न गर्नु पर्ने कागजातहरु**

श्री कृषि शाखा,
माडी नगरपालिका, चितवन ।

मेरो कृषि फार्म/कृषक समुह बाट चितवन जिल्ला, माडी नगरपालिका, वडा नं. .......... अन्तंगत ..................... स्थानमा ............................ जातको फलफुलको बगैचा व्यवसायिक रुपमा स्थापना गर्ने लक्ष्य रहेकोले सोका लागी लागत अनुमान रु ................. मध्य रु .......... मेरै/हाम्रै संस्थाबाट व्यहोरी बाँकी रु......................... अनुदान पाउने व्यवस्थाका लागी तपशिल वमोजिमको कागजात राखि निवेदन पेश गरेको छु /छौ ।

**संलग्न कागजातहरु :**

१. अनुसुचि २ अनुसार को निवेदन

२. अनुसुचि ३ अनुसारको प्रस्ताव

३. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नंम्बर र कर चुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

४. कार्यक्रम संञ्चालनको लागी संस्थाको आधिकारिक निर्णय तथा अख्तियारीको माइनटको फोटोकपी

५. अख्तियारी प्राप्त गरेको पत्र र अख्तियारी प्राप्त गरेको व्यक्तिको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

६. कार्यक्रम संञ्चालनको लागी आवश्यक जग्गाको लालपुर्जाको प्रतिलिपि वा करारमा लिएको जग्गा भए न्यनतम ८ बर्ष करार सम्झौता पत्रको प्रतिलिपि ।

७. वडा कार्यालयको सिफारिस पत्र

८. प्राविधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणको प्रतिलिपि ।

**निबेदक**
दस्तखत
नाम थर :
पद :
सम्पर्क नं.. :

कृषि फार्म/कृषक समुहको
नाम
ठेगाना :
छाप :

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

## अनुसुची ३

**(दफा ५ को उपदफा २ सँग सम्बन्धित)**

**प्रस्तावको ढाँचा**

१. कृषि फार्म/कृषक समुहको नाम :

२. ठेगाना :

३. फलफुल खेती हुने जम्मा क्षेत्रफल :

४. विस्तार हुन सक्ने क्षेत्रफल :

५. परियोजना को उदेश्य :

६. अपेक्षित प्रतिफल :

७.लागत वजेट :

| क.स. | क्रियाकलापको नाम | जम्मा लागत | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

८. दिगोपनाको योजना : (कम्तिमा ५ वर्षको कार्य योजना)

प्रस्तावक संस्थाको नाम:

ठेगाना :

दस्तखत :

मिति :

संस्थाको छाप :

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर,चितवन
बागमती प्रदेश,नेपाल
२०७४

अनुसुची ४

(दफा ७ को उपदफा ३ सँग सम्बन्धित)

प्रस्तावको मूल्याङ्कन मापदण्ड

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

| क.स | मुल्याङ्कन को आधार | मुल्याङ्कन प्राप्ताङ्क | | |
|---|---|---|---|---|
| | शिर्षक/अंकभार | न्युन | सामान्य | उत्तम |
| १ | क्षेत्रफल र बिस्तारको सम्भाव्यता | ० | ५ | १० |
| २ | भौगोलिक र वातावरणीय उपयुक्तता | ० | ५ | १० |
| ३ | फलफुल खेतीका बिषयमा प्राविधिक ज्ञान, सीप र अनुभव | ० | ५ | १० |
| ४ | निरन्तरताको योजना | ० | ५ | १० |
| ५ | फलफुल खेतीमा संलग्नताको अवस्था | ० | ५ | १० |
| ६ | वजारिकरणको योजना | ० | ५ | १० |
| | जम्मा | | | |

- यसमा प्रस्तुत आधारहरुलाई मुल्याङ्कन प्रयोजनका लागी समितिले sub-criteria वनाउन तथा सो अनुसार अंकभार प्रदान गर्न सकिनेछ ।
- प्रस्तावक मुल्याङ्कन प्राविधिक उप समितिले स्थलगत प्रमाणिकरणका आधारहरूलाई वाली अनुसार sub-criteria वनाउन तथा सो अनुसार अकंभार प्रदान गर्न सक्ने छ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

अनुसुचि ५
(दफा ९ को उपदफा २ सँग सम्बन्धित)
सम्झौता पत्र

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

आ.व .................... वार्षिक स्विकृत कार्यक्रमको आधारमा फलफुल खेती प्रवर्द्धन कार्यक्रम : व्यवसायिक फलफुल खेती प्रवर्द्दन कार्यक्रम संचालन कार्यविधि २०७७) अनुसार मिति .......................... मा गरिएको प्रस्ताव आव्हानको सुचना अनुसार यस कार्यालयको ...................... को निर्णयले जम्मा लागत रु .................... (अक्षरुपि ................................. मात्र) मध्ये कार्यालयवाट रु................... (अक्षरुपि .............मात्र) हुने गरि तपशिल अनुसारको फलफुल खेती प्रवर्द्दन कार्यक्रम संञ्चालन गर्न निम्न अनुसारका शर्तहरुमा मञ्जुर गरि यो संझौता गरिएको छ ।

| क.स | कियाकलाप | जम्मा लागत | नगरपालिकाले व्यहोर्ने | अनुदानग्राहीले व्यहोर्ने | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

१. यो सम्झौता पत्र माडी नगरपालिका : प्रथम पक्ष र सम्वन्धित.................दोस्रो पक्ष विच व्यवसायिक फलफुल खेती प्रवर्द्दन कार्यक्रम संञ्चालन गर्ने कार्यको लागी प्रयोग हुनेछ ।

२. यो सम्झौता दुबै पक्षवाट हस्ताक्षर भएको मितिवाट प्रारम्भ हुनेछ ।

३. द्रोस्रो पक्षलाई सम्झौता उल्लेख भएबमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिन भित्र सुरु गनुपर्ने छ ।

४. प्रथम पक्षले दोस्रो पक्षलाई आयोजनाको सम्पन्नता पश्चात मुल्याङकन गरी रकम उपेलब्ध गराउनु पर्ने छ ।

५. प्रथम पक्षले दोस्रो पक्षलाई रकम भुक्तानी गर्दा सम्वन्धीत प्राबिधिकको मुल्याङ्क तथा स्थलगत अनुगमन समितिको सिफारिस को आधारमा भुक्तानी गरिनेछ । दास्रो पक्षले कार्य गर्दा प्राबिधिक को निर्देशनको आधारमा कार्य गर्नुपर्नेछ ।

६. कार्यसम्पन्नता पश्चात भुक्तानी गर्ने सम्वन्धमा प्राविधिकवाट मुल्याङ्क गराई बिल सहितको कार्य सम्पन्न प्रतिवेदन फोटो सहितको तयार गरि दोस्रो पक्षले प्रथम पक्ष संग अनुरोध गर्नुपर्नेछ ।

प्रथम पक्षको तर्फवाट
नाम :
पद :
हस्ताक्षर
कार्यालयको छाप :

दोस्रो पक्ष तर्फवाट नाम :
नाम :
पद :
हस्ताक्षर
कार्यालयको छाप :

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३